दुर्गाथली गाउँपालिकाको १३ औं गाउँसभामा पालिका उपाध्यक्ष श्री जनक बहादुर दौल्यालद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिका अध्यक्षज्यू ,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !

१- नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहको उपाध्यक्षको हैसियतले दुर्गाथली गाउँपालिकाको १३ औं गाउँसभामा आगामी आ.व. २०८०/८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु । प्रस्तुत बजेटलाई १३ औं गाउँसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रम, नेपालको संविधान, चालु १५ औं योजनाको दीर्घकालीन सोच तथा लक्ष्य, दिगो विकासका लक्ष्य, तथा सुदुरपश्चिम प्रदेशको पहिलो आबधिक योजना, स्थानीय सरकार सन्चालन ऐन २०७४ का आधारमा यस दुर्गाथली गाउँपालिकालाई समुन्नत समाबेशी तथा सम्वृद्धिको दिशामा अगाडि बढाउने बजेटको रुपमा प्रस्तुत गरेको छु ।

२- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पछि गठित दोस्रो स्थानीय तहको निर्वाचनमा यस पालिकाका निर्वाचित जनप्रतिनिधिहरुलाई प्राप्त जिम्मेवारी सफलतापूर्वक वहन गर्न सहयोग गर्नुहुने सम्पूर्ण दुर्गाथली गाउँपालिकाबासी आमाबुवा, दाजुभाइ, दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु । नेपालको हिमाली क्षेत्रको सुन्दर भूमि दुर्गाथली गाउँपालिकाको दीर्घकालीन सोच सहित अगाडि बढेको, हाम्रो विकास र समृद्धिको यात्रा आज छैठौ वर्षपूरा गरि सातौ वर्ष प्रवेश गर्दैगर्दा सातौ बजेट गाउँसभामा प्रस्तुत गर्न चाहान्छु । गाउँपालिका उपाध्यक्षका रुपमा यस गरिमामय गाउँसभामा आगामि आर्थिक वर्ष २०८०/८१ को वजेट प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ ।

३- नेपाली जनताको सार्भभौम अधिकार सहितको लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षेता, समावेशी समानुपातिक लोकतन्त्र, स्थापनाका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा जनयुद्धमा आफ्नो प्राण आहुति गर्नुहुने ज्ञात-अज्ञात महान शहिदहरु प्रति उच्चसम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, घाईतेयोद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा स्थानीय तहको जिम्मेवारी भएको छ ।

उपस्थित गाउँसभाका सदस्यज्यूहरु,

५- अब म आगामी आर्थिक वर्ष ०८०/८१ को लागि गाउँपालिकाको आय र व्ययको अनुमानित विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति गर्न चाहन्छु ।

**आयतर्फ**

क- संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रु- ८,९५,००,०००।– ( आठ करोड पन्चानब्बे लाख) ।

ख- संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड रु- ६,४९,८४,६००।– (छ करोड उनन्पचास लाख चौरासी हजार छ सय) प्राप्त भएको छ।

ग- संघीय सरकारबाट प्राप्त भएको सशर्त अनुदान रु- १५,९३,००,०००।– ( पन्ध्र करोड त्रिनब्बे लाख) प्राप्त भएको छ।

घ- संघीय सरकारबाट प्राप्त विशेष अनुदान रु- ८०,००,०००।– ( असी लाख ) प्राप्त भएको छ।

ङ- संघीय सरकारबाट प्राप्त समपूरक अनुदान रु- ५०,००,०००।– (पचास लाख) प्राप्त भएको छ।

च- प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रु- ७०००००० ।– (सत्तरी लाख) प्राप्त भएको छ।

छ- प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान रु-५४११०००० ।– ( ५ करोड एकचालिस लाख दश हजार ) प्राप्त भएको छ।

ज- प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान रु- ७३,६५,०००।–(त्रिहत्तर लाख पैसट्ठी हजार) प्राप्त भएको छ।

झ- प्रदेश सरकारबाट प्राप्त सवारी साधनको कर रु- ९,३६,०००।– (नौ लाख छत्तिस हजार) प्राप्त भएको छ।

ञ- दुर्गाथली गाउँपालिकाको आन्तरिक राजश्व अनुमान रु – ३०,००,०००।– (तीस लाख ) अनुमान गरिएको छ।

ट- गाउँपालिकाको प्रशासनिक भवनको बाँकी रकम रु १ करोड २६ लाख

**जम्मा आयतर्फ**

रु ४१ करोड १७ लाख ९५ हजार ६ सय

**अन्य संघ संस्था बाट**

१- एकिकृत विकास समाज IDS Nepal बाट ९ लाख ११ हजार ८४०।

२- साइपाल विकास समाजबाट २ लाख२८ हजार ५१६

**आब २०८०।८१ को व्ययको अनुमान**

१- गाउँपालिका प्रशासनिक भवन ९ करोड ५१ लाख १० हजार

२- प्रदेश समपुरक ८० लाख जाफ्री खानेपानी

३- संघ समपुरक नयाखोला पिल्लेसी हुदै शिल्काबाडा सडक १ करोड

४- प्रकोप व्यवस्थापन कोष ५० लाख

५- स्काइभेटर खरिद ६२ लाख भुक्तनी बाँकी

६- इन्धन सडक प्रयोजन ४० लाख

७- MBBS अध्ययन छात्रवृत्रि १५ लाख

८- करार कर्मचारी तलब भत्ता २ करोड स्वास्थ्य शिक्षा कास

९- अध्यक्ष स्वास्थ्य कार्यक्रम ६ लाख

१०- उपाध्यक्ष कोशेली कार्यक्रम १० लाख

११- विषयगत शाखाहरुलाई एकमुष्ट अनुदान ८० लाख

१२- दलित महिला विपन्न लक्षित कार्यक्रम २० लाख

१३- युवा खेलकुद मेला दिवश २५ लाख

१४- अथिति संत्कार ७ लाख

१५- सेफ हाउस १ लाख

१६- वडा प्रशासनिक खर्च २१ लाख

१७- शहित वेपत्ता तथा घाइते लक्षित कार्यक्रम ४ लाख १५ हजार

१८- जनप्रतिनिधिहरुको सामुहिक विमा ४ लाख

१९- बहुक्षेत्रिय पोषण कार्यक्रम ८ लाख

२०- इप्रका चौधारी र विसौना १ लाख ५० हजार

२१- शसर्त कार्यक्रम खर्च १५ करोड ९३ लाख

२२- कर्मचारीको तलबभत्ता र पदाधिकारीको सेवा सुविधा र कार्यलय सन्चालन तर्फ ७ करोड ५३ लाख ४९ हजार ६ सय

२३- संघीय सरकारबाट प्राप्त विशेष अनुदान बाइकाट्टे खानेपानी ८० लाख

२४- प्रदेश सरकारको विशेष अनुदान ( चौधारी मावि घेरवार २५ लाख र तिमिलेकोट देखि कौसाडी सम्म सिचाई कुलो निर्माण ४५ लाख) ७० लाख

**जम्मा ब्यय**

४१ करोड ८२ लाख २४ हजार ६ सय

यस गाउँसभाका अध्यक्षज्यू सभाका सदस्यज्यूहरु

माथी प्रस्तुत गरिएको ब्ययको अनुमान विभिन्न विषयगत क्षेत्रमा बिनियोजन गरि खर्च गर्ने ब्यवस्था गरिएको छ। दुर्गाथली गाउँपालिकाको आय र ब्ययको बिबरण विभिन्न अनुसुचिहरुमा उल्लेख गरिएको छ।

अन्तमा गाउँपालिकाको आर्थिक सामाजिक साँस्कृतिक लगाएत अन्य क्षेत्रको विकासमा निरन्तर सहयोग गर्नु हुने नेपाल सरकार सुदुरपश्चिम प्रदेश सरकार सबै करदाता विभिन्न संघ संस्थाहरु प्रति आभार प्रकट गर्न चाहान्छु। साथै यो बजेट तर्जुमामा महत्वपूर्ण सहयोग गर्नु हुने गाउँपालिका अध्यक्षज्यू लगाएत सम्पूर्ण जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारीहरु राजनैतिक दल तथा सम्पूर्ण दुर्गाथलीवासी आमा बुवा दिदिबहिनि तथा दाजुभाई लगाएत अन्य सरोकारवाला हरुलाई आभार प्रकट गर्दछु र बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोगको रहने अपेक्षा गर्दछु।

**धन्यवाद !**

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदुरपश्चिम प्रदेश, नेपाल